# Sanibheri Rural Municipality
# Office of the Rural Municipal Executive
## Simli, Rukum (West))
## Karnali Province, Nepal

## Invitation for Bids

### First published date: 2077-09-02

1. Sanibheri Rural Municipality Simli Rukum West invites **National Competitive Bidding (NCB)** (Hard copy only) from duly registered eligible and qualified of bidder for the execution of the work given in the table below:

| Contract Identification No. | Description | Estimated Amount (Without VAT and Contingencies )NRs. | Bidding Document Cost, NRs.(Non-Refundable) | Bid Security,NRs |
|---|---|---|---|---|
| **02/WORKS/NCB/SRM/077/078** | **Upgrading of Syalibot MagarrangjaTotke Bagkhor Agriculture Road** | **49,65,046.09** | **3,000.00** | **1,45,000.00** |

2. Bid validity period is 90 days from last date of bid submission for the above contract.
3. Purchase, submission and opening:

| **Last date and time of purchase of Bids** | | **Last date and time of submission of Bids** | | **Opening of Bid** | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2077/10/2 | 16:00PM | 2077/10/04 | 12:00PM | 2077/10/04 | 13:00PM |

4. Information to deposit the cost of Bidding Document in Bank:
   Name of Bank: **Sunrise Bank, Sanibheri Branch, Rukum (West)**
   Name of office: **Sanibheri Rural Municipality, Rukum (West)**
   Rajaswa (Internal Revenue) account no: **0770530787703009**
5. Bids must be valid for a period of *120 Days* counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti account No. **0770530787703004**) on behalf of Sanibheri Rural Municipality, *Rukum (West)* at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal.
6. Sanibheri Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. All other conditions of the bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064.

Chief Administrative Officer

Sanibheri Rural Municipality Office of the Rural Municipal Executive Simli, Rukum (West) Karnali Province, Nepal 2073

Bhupal Sin Bista
For Chief Administrative Officer

M

# राखेप र कीर्तिपुर नगरपालिकाबीच सम्झौता



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ पुस

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले १३ औं दक्षिण एसियाली खेलकुद (साग) लाई लक्षित गरी कीर्तिपुर नगरपालिको नयाँबजारमा निर्माण गरेको कभर्डहल कीर्तिपुर नगरपालिकालाई भोगचलनका लागि बुधबार हस्तान्तरण गरेको छ ।

राखेप सदस्य-सचिव रमेशकुमार सिलवाल र कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले सम्झौता पत्रमा हस्ताक्षर गर्दै हस्तान्तरण गरिएको हो ।

राखेपले राज्यको लगानीमा निर्माण गरेको कभर्डहल नगरपालिकालाई सञ्चालन तथा व्यवस्थापन गर्न दिने, राखेपले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, प्रशिक्षण, सेमिनार गोष्ठी गर्नु पर्ने भएमा नगरपालिकालाई पूर्व जानकारी गराउनु पर्ने र नगरपालिकाले स्वीकृति दिनु पर्ने सम्झौता भएको छ ।

कभर्डहलमा प्रयोग हुने टेलिफोन, खानेपानी, सुरक्षा व्यवस्था तथा त्यसको महशुल खर्चलगायत अन्य आवश्यक मर्मत सम्भारको खर्च नगरपालिकाले व्यहोर्नु पर्ने छ ।

नगरपालिकाले आवश्यक तथा माग अनुसार खेलकुद प्रतियोगिता, प्रशिक्षण र खेल गतिविधि सञ्चालन गर्न सक्ने, कभर्डहल सञ्चालन तथा व्यवस्थापन गर्ने क्रममा कुनै विवाद भए आपसी सहमतिमा मिलाउने तथा विवाद मिलाउन असफल भएमा प्रचलित नेपाल कानुन बमोजिम हुने तथा सम्झौतामा उल्लेख भएका शर्त बाहेक प्रचलित नेपाल कानुनमा भएका व्यवस्था परिपालना दुवै पक्षले गर्नु पर्ने सम्झौतामा उल्लेख छ ।

२०७५ साल भदौ १ गतेदेखि निर्माण सुरु भएको कभर्डहल ३ करोड २ लाख ३० हजार १ सय २२ रुपैयाँ लागतमा बनेको हो । २०७६ साल कात्तिक ३० गते निर्माण सम्पन्न भएको कभर्डहल ५ सय दर्शक क्षमताको छ ।

कभर्डहलमा बास्केटबल, भलिबल, टेबलटेनिस, मार्सल आर्ट्स, जुडोलगायत इन्डोर खेल खेल्न सकिने छ । १३ औं सागमा यस कभर्डहलमा फेन्सिङ र खो खो खेल भएको थियो ।

सदस्य-सचिव सिलवालले कभर्डहलले स्थानिय खेलाडीलाई आफ्नो प्रतिभालाई अभ्र तिखार्न महत्वपूर्ण अवसर दिने बताउदै नगरपालिका र नगरवासीले कभर्डहलको भरपुर सदुयोग गर्ने विश्वास व्यक्त गरे ।

मेयर महर्जनले कीर्तिपुरलाई खेलकुदको केन्द्र बनाउन सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाउदै कभर्डहलबाट विशेषगरी नगरका खेलाडी लाभान्वित हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा राखेपअन्तर्गत प्रशासन विभाग प्रमुख कुलबहादुर थापा, कानुन शाखा प्रमुख नारायणराज अर्याल, पूर्वाधार निर्माण तथा मर्मत शाखाका इन्जिनियर राजु श्रेष्ठलगायतको उपस्थिति थियो ।

# सन् २०३० को एशियन गेम कतारले गर्ने




**काठमाडौं, एजेन्सी–**सन् २०३० को एशियन गेम्सको आयोजनाको जिम्मा कतारले पाएको छ । भोटिङका आधारमा कतारले साउदी अरेबियालाई पछि पार्दै २०३० को एशियन गेम्सको जिम्मा पाएको हो।

यस्तै २०३४ को को एशियन गेम्सको जिम्मा भने साउदी अरेबियाले पाएको छ । २०३० को एशियन गेम्सका लागि भोटिङ आफ्नो पक्षमा पार्न कतारको टिम नेपाल पनि आएको थियो । त्यसपछि साउदी अरेबियाले पनि भोटका लागि पहल गरेको थियो ।

निर्वाचन भन्दा अगाडी नै बढि भोट पाउने देशले २०३० को एशियन गेम्सको आयोजना गर्ने र दोस्रो हुनेले २०३४ को आयोजना गर्ने सहमति नै भएको थियो । जसका कारण लगातार दुई संस्करणको आयोजकको टुंगो लागेको हो ।

ओलम्पिक काउन्सिल अफ एशियाको कंग्रेशमा २०३० र २०३४ को एशियन कपको आयोजकको जिम्मा दिइएको हो । अन्तिममा २०३० को एशियन गेम्सका लागि साउदी र कतार दावेदार थिए । जसमा दोहाले आयोजनाको मौका पाएको छ । २०३४ को एशियन गेम्स रियादमा हुनेछ। यसका लागि दुवै देशलाइ सहमतिका हिसावमा एक पछि अर्को प्रतियोगिताको जिम्मा दिएको हो ।

कतारले यसअघि सन् २००६ मा १५ औं संस्करणको आयोजना गरेको थियो । यता साउदीले भने पहिलो पटक एशियन गेम्सको आयोजनाको जिम्मा पाएको हो ।

कतारले २०२२ मा विश्वकप फुटबलको पनि आयोजना गर्दैछ । त्यसपछि उसले एशियन गेम्सका पुर्वाधार निर्माणमा लाग्ने बताइएको छ ।

# बिग बास खेल्न सन्दीप अष्ट्रेलियामा

**काठमाडौं, मस–** नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछाने बिग बास लिग (बिबिएल) क्रिकेट खेल्न अष्ट्रेलिया पुगेका छन् । उनी तेस्रोपटक बिग बास खेल्न कतार एयरवेजको उडानमार्फत त्यसतर्फ गएका थिए ।

लामिछाने बुधबार अस्ट्रेलिया पुगेपछि १४ दिनको क्वारेन्टिनमा बस्ने उनका व्यवस्थापक रमन शिवाकोटीले जानकारी दिए। बिग बास भने गत बिहीबारदेखि नै शुरु भइसकेको छ । क्वारेन्टिनमा बस्नुपर्ने भएकाले लामिछानेले शुरुआती छ खेल गुमाउने छन्। यस पटक उनले होबार्ट हुरिकेन्सबाट बिग बास खेल्दै छन् ।

लामिछानेले यसअघि दुई सिजन बिग बास लिग मेलबर्न स्टार्सबाट खेलेका थिए । उनले पछिल्ला दुई याममा २० खेल खेल्दै २६ विकेट लिएका थिए ।

राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा सहभागी हुने तयारीमा रहेको अवस्थामा दुई साताअघि लामिछाने कोरोनाबाट सङ्क्रमित भएका थिए। उनी अहिले भने कोरोना मुक्त भइसकेका छन् ।



# पीएम कपका लागि पाल्पाको टिम घोषणा

**बिकाश कापल्ले/मध्यान्ह**
पाल्पा, १ पुस

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि पाल्पाले पुरुष टोलीको घोषणा गरेको छ । गत मङ्सिर २५ र २६ गते जिल्लाको तानसेन टुडिखेल खेल मैदानमा भएको छनोट प्रतियोगिताबाट २ वै कल्पिकसहित १६ खेलाडी छनोट गरिएको क्रिकेट सङ्घका जिल्ला अध्यक्ष राजेश श्रेष्ठले जानकारी दिए ।

छनोट भएका खेलाडीहरु सुरेश गोदार (कप्तान) राजेन्द्र मान शाक्य, सागर थापा क्षेत्री, मनिष न्यौपाने, शिव शर्मा, नरेशकुमार साकी नेपाली, रुपेश बश्याल, श्रीधर बश्याल, केशव पराई, नविन तारा बश्याल, प्रकाश तिमिल्सिना, समीर मल्ल, रुपेश बश्याल, नवीन भुसाल त्यस्तै वै कल्पिक खेलाडीमा बेल मगर, सुदीप जिसी, आशिष लोहनी आशिष बराल, शरण रसाईली छन् भने प्रशिक्षकमा ओम थापा र व्यवस्थापक दीपक घिमिरे रहेका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) ले आगामी पुस ११ गतेदेखि प्रधानमन्त्री कप आयोजना गर्दैछ । क्यानले प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता खेल्न जिल्लाको पुरुष तथा महिला टोलीको छनोट गर्न आफ्ना मातहतका सबै जिल्ला क्रिकेट सङ्घलाई पत्राचार गरेको थियो । क्यानले मङ्सिर भित्र जिल्लाको टोली छनोट गर्ने निर्देशन गरेको थियो । जिल्ला छनोट भएका खेलाडीहरुले प्रदेशास्तरीय प्रतिस्पर्धा गरेपछि प्रदेशको टिम छनोट हुने छ ।

# बोलोन डि ओर ड्रिम टिम सार्वजनिक

**काठमाडौं, एजेन्सी–** विश्वभर गरिएको अनलाइन भोटिङका आधारमा बोलोन डि ओर ड्रिम टिम सार्वजनिक भएको छ। फ्रान्स फुटबलले ३-४-३ को पद्धतीमा फुटबल इतिहासको उत्कृष्ट ११ सार्वजनिक गरेको हो ।

बालोन डि ओर ड्रिम टिममा याशिन, कापु, बेकेनबाउर, माल्दिनी, जाभी, म्याथुज, पेले, म्यारोडोना, मेस्सी, रोनाल्डो नाजारियो र क्रिस्टियानो रोनाल्डो छन्। विश्वको नम्बर एक गोलकिपरमा रसियाका महान खेलाडी लेभ यासिन परेका छन् । सोभियत युनियनबाट सन् १९५४ देखि १९७० सम्म खेल्ने क्रममा यासिनले ७४ खेल खेलेका थिए ।

त्यस्तै रक्षापक्तिका उत्कृष्ट ३ मा जर्मनका फेन्च बेकनबाउर, ब्राजिलियन फुलब्याक कापु र इटालियन महान पाब्लो माल्दिनी रहेका छन् । बार्सिलोनाका महान जाभि हर्नान्डेज इतिहासकै सर्वाधिक सफल डिफेन्सिभ मिडफिल्डर चुनिएका छन् । स्पेनिस जाभीले विश्व कप, युरोपियन च्याम्पियनसिप जितेका थिए । त्यस्तै बार्सिलोनाका लागि ४ च्याम्पियन्स लिगसहित थुप्रै उपाधि जाभीले जितेका थिए ।

जाभीसँग डिफेन्सिभ मिडफिल्डमा लोथर म्याथुज छन् । एट्याकिङ मिडफिल्डमा दुई महान अर्जेन्टिनाका डिएगो म्याराडोना र ब्राजिलियन पेले रहेका छन् । म्याराथोनाले लगभग एकल प्रयासमा १९८६ मा अर्जेन्टिनालाई विश्व कप उपाधि दिलाएका थिए । पेलेको सहभागितामा ब्राजिलले १९५८, १९६२ र १९७० मा विश्व कप जितेको थियो ।

अग्रपक्तिमा इतिहासकै सर्वाधिक रुचाइएका फरवार्डमा ब्राजिलका महान रोनाल्डो नाजिरियो छन्। युवा पुस्तामा लोकप्रिय रोनाल्डोले घुँडाको चोटका कारण खेल छाड्नु परेको थियो । उनको उच्च प्रदर्शनबाट प्रेरित ब्राजिलले २००२ र १९९४ मा विश्व कप जितेको थियो ।

रोनाल्डोसँग फरवार्ड लाइनमा लिओनल मेस्सी र क्रिस्टियानो रोनाल्डो रहेका छन्। मेस्सीले ६ पटक बालोन डि ओ, ६ पटक गोल्डेन बुट, ४ पटक च्याम्पियन्स लिग उपाधि जितेका छन् । उनले बार्सिलोनाको इतिहासलाई नै परिवर्तन गरिदिएको मानिन्छ। त्यस्तो पोर्चुगिज रोनाल्डोले पाँच पटक बालोन डि ओर, पाँच पटक च्याम्पियन्स लिग उपाधि जितेका थिए ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

**नाम परिवर्तन भएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **श्री नवज्योती एच. आर. सोलुसन प्रा.लि.** (ई.प्र.नं. १५०५) ले आफ्नो साविकको नाम परिवर्तन गरी **डि स्क्वार्ड प्रा. लि.** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**घरेलु कामदार तालिम (जोर्डन) को लागि भर्ना खुल्यो !**

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभागबाट घरेलु कामदार सम्बन्धी तालिम सञ्चालन गर्न अनुमति प्राप्त यस संस्थामा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट स्वीकृत पाठ्यक्रम अनुसार ३० दिन (२१० घण्टा)को तालिम कार्यविधि २०७० बमोजिम अरवीक, अंग्रेजी भाषा र घरायसी काम सम्बन्धी सीपमूलक तालिम सञ्चालन हुन गइरहेकोले घरेलु कामदारका रुपमा जोर्डन जान चाहने २४ वर्ष उमेर पूरा भएका इच्छुक महिलाहरुले तालिमका लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै घरेलु कामदार पठाउन नेपाल सरकारद्वारा अनुमति प्राप्त मेनपावर कम्पनी (संस्था)हरुलाई समेत यसै सूचना मार्फत जोर्डनको घरेलु कामदार (Housemaid) सम्बन्धी तालिम सञ्चालन हुने जानकारी गराइन्छ ।

**फार वेष्ट मल्टी स्किल्स प्रा. लि.**
इजाजत पत्र नं. ५०/०६७/०६८ तीनकुने, काठमाडौं, फोन नं : ९८५१०६२८५६

**Sanibheri Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Simli, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Bids**

**First published date: 2077-09-02**

1. Sanibheri Rural Municipality Simli Rukum West invites National Competitive Bidding (NCB) (Hard copy only) from duly registered eligible and qualified of bidder for the execution of the work given in the table below:

| Contract Identification No. | Description | Estimated Amount(Without VAT and Contingencies) NRs. | Bidding Document cost, NRs. (Non-Refundable) | Bid Security, NRs |
|---|---|---|---|---|
| 02/WORKS/NCB/SRM/077/078 | Upgrading of Syalibot Magarrangja Totke Bagkhor Agriculture Road | 49,65,046.09 | 3000.00 | 145,000.00 |

2. Bid validity period is 90 days from last date of bid submission for the above contract.
3. Purchase, submission and opening:

| Last date and time of purchase of Bids | | Last date and time of submission of Bids | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2077/10/02 | 16:00 PM | 2077/10/04 | 12:00 PM | 2077/10/04 | 13:00 PM |

4. **Information to deposit the cost of Bidding Document in Bank:**
   **Name of Bank:** Sunrise Bank, Sanibheri Branch, Rukum (West)
   **Name of office:** Sanibheri Rural Municipality, Rukum (West)
   **Rajaswa (Internal Revenue) account no:** 0770530787703009
5. Bids must be valid for a period of 120 Days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti account No. 0770530787703004) on behalf of Sanibheri Rural Municipality, Rukum (West) at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal.
6. Sanibheri Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. All other conditions of the bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064.

**Chief Administrative Officer**